Pranayan, Vol. 26, No. 8, 2025
ISSN (Print) : 2505-0818
Submitted Date : April 15, 2025
Accpted Date : June 05, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# सहिदको मानचित्रमा नपरेको सहिद कथासङ्गहका कथाहरूमा पिँढी र प्रभुत्वको अवस्था

**सोमनाथ घिमिरे***

**लेखसार**

प्रस्तुत अनुसन्धानमूलक लेख घनश्याम ढकालका 'सहिदको मानचित्रमा नपरेका सहिद' र 'प्रतिगामी' दुई कथाहरूमा प्रभुत्वशाली र अधिनस्थ पिँढीको अवस्था विश्लेषणमा केन्ति्रत छ । 'सहिदको मानचित्रमा नपरेका सहिद' कथाले २०४६ सालको जनआन्दोलन र त्यसपछिका घटनाक्रमलाई चित्रण गरेको छ, जहाँ पञ्चायती व्यवस्था र त्यसका समर्थकहरू प्रभुत्वशाली पिँढीका रूपमा प्रस्तुत भएका छन् र उनीहरूले आम सर्वसाधारण जनतामाथि दमन गरेका छन् । सिजनजस्ता पात्रहरूले अधिनस्थ पिँढीको प्रतिनिधित्व गर्छन् । उनीहरू आन्दोलनमा महत्त्वपूर्ण योगदान दिँदा पनि उपेक्षित हुन पुग्छन् । कथाले राजनीतिक परिवर्तनपछि पनि सत्तामा पुगेकाहरूले पुरानै प्रभुत्वशाली प्रवृत्ति दोहोऱ्याउने र सहिदहरूको योगदानलाई अपमान गर्ने गरेको यथार्थलाई मार्मिक रूपमा प्रस्तुत गरेको छ । त्यसैगरी, 'प्रतिगामी' कथामा माधवलालजस्ता अवसरवादी प्रभुत्वशाली पिँढीका प्रतिनिधि पात्रहरू कसरी पञ्चायती व्यवस्थामा शक्तिमा रहे र परिवर्तनपछि पनि आफ्नो चरित्र बदलेर नयाँ व्यवस्थामा आफ्नो वर्चस्व कायम राखेका छन् भन्ने देखाइएको छ । गोपालजस्ता क्रान्तिकारी र अधीनस्थ पिँढीका पात्रहरूले लडेर व्यवस्था परिवर्तन गरे पनि अन्त्यमा उनीहरू नै उपेक्षित र प्रताडित हुने यथार्थलाई कथामा मार्मिक रूपमा चित्रण गरिएको छ । यसबाट के स्पष्ट हुन्छ भने व्यवस्था परिवर्तन भए पनि शोषित र पीडित वर्गको अवस्थामा तात्विक भिन्नता नआएको तितो यथार्थलाई कथाले उजागर गरेको छ ।

***शब्दकुञ्जी :*** प्रभुत्वशाली पिँढी, अधिनस्थ पिँढी, उदयीमान पिँढी, अनुभूति, संस्कृतिकेन्द्री

* शिक्षण सहायक, तेह्रथुम बहुमुखी क्याम्पस, आठराई-६ तेह्रथुम, somgh55@gmail .com, https://orcid .org/0009-0008-1763-492X

## विषय परिचय

घनश्याम ढकाल (२०१०-२०६९) आधुनिक नेपाली साहित्यको कथा विधाका क्षेत्रमा प्रगतिवादी धारामा कलम चनाउने कथाकार हुन् । उनी कथालेखनका क्रममा मार्क्सवादी चिन्तन र क्रान्तिकारी चेतनालाई सहज रूपमा प्रस्तुत गर्दछन् । उनका भरिया र यात्री (२०४६) सहिद मानचित्रमा नपरेको सहिद (२०४८) समर्पणको बाटोमा (२०५१) आजको महाभारत (२०५५) र सहिदको शालिक (२०६६) गरी जम्मा ५ वटा कथासङ्ग्रह प्रकाशित भएका छन् । उक्त कथा सङ्ग्रहहरूमध्ये सहिद मानचित्रमा नपरेको सहिद शीर्षकको कथासङ्ग्रहका कथाहरुमा उनले प्रगतिवादी चिन्तन प्रस्तुत गरेका छन् । ढकालका सबैजसो कथाहरुमा नेपाली समाजका प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीमाथि गरिने, अन्याय, अत्याचार, शोषण र दमनलाई उजागर गरिएको पाइन्छ, साथै नेपाली समाजमा विद्यमान वर्गीय द्वन्द्वलाई उजागर गरिएको छ ।

अनुभूतिको संरचना बेलायती समाजशास्त्री रेमन्ड विलियम्स (सन् १९२१-१९८६) द्वारा प्रतिपादित सिद्धान्त हो । यो साहित्यलाई समाज र संस्कृतिसँग जोडेर समीक्षा गर्ने एक महवपूर्ण मान्यता हो । यस सिद्धान्तअनुसार समाज, संस्कृति र साहित्यलाई परम्पराको सूत्रले गाँसेको हुन्छ । उनले अनुभूतिको संरचना सिद्धान्तको व्याख्या गर्ने कममा कृति विश्लेषणका निमित्त १. कृतिमा अभिव्यक्त पिँढी र प्रभुत्वको अवस्थाको खोजी र २. दबाब र तनाबका सन्दर्भमा पिँढीगत अनुभूतिको अवस्था गरी मूलभूत रुपमा दुईवटा आधार हुन्छन् भन्ने धारणा व्यक्त गरेका छन् । यिनै दुईवटा तत्त्वहरूलाई नै रेमन्ड विलियम्सको समाजशास्त्रीय अध्ययनको मुख्य आधार मान्न सकिन्छ । यी पक्षहरूको यथोचित प्रयोगद्वारा साहित्यको समाजशास्त्रीय व्याख्या सम्भव छ जसलाई समष्टिमा अनुभूतिको संरचनाको सैद्धान्तिक मान्यता मान्न सकिन्छ । उनले साहित्य समीक्षाको मूल आधार अनुभूतिको संरचनालाई बनाएका हुनाले यस लेखमा पनि अनुभूतिको संरचनाअन्तर्गतको पिँढी र प्रभुत्वको अवस्था कोणबाट ढकालद्वारा लिखित **सहिदको मानचित्रमा नपरेको सहिद** कथासङ्ग्रहभित्रका सातवटा कथाहरूमध्ये 'सहिदको मानचित्रमा नपरेको सहिद' र 'प्रतिगामी' गरी २ वटा कथाहरूमा पिँढी र प्रभुत्वको अवस्था के-कस्तो रहेको छ भनी खोजी गरिएको छ ।

## अध्ययनविधि

घनश्याम ढकालको **सहिद मानचित्रमा नपरेको सहिद** शीर्षकको कथासङ्ग्रहका कथाहरूमध्ये 'सहिदको मानचित्रमा नपरेको सहिद' र 'प्रतिगामी' कथाहरूलाई प्राथमिक स्रोतको सामग्री एवम् अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक आधार भएका कृति, लेख रचना, कथासङ्ग्रहका सन्बन्धमा भएका पूर्वअध्ययन र त्यससँग सम्बद्ध सामग्रीहरूलाई द्वित्तीयक स्रोतका सामग्रीका रूपमा लिइएको छ । यी दुबै स्रोतका सामग्रीहरू पुस्तकालय स्रोतबाट नै लिइएको छ । सङ्कलित सामग्रीको विश्लेषण निगमनात्मक विधिअन्तर्गत पाठविश्लेषण विधिका आधारमा गरिएको छ । अनुभूतिको संरचनाको सैद्धान्तिक मान्यताका आधारहरुमध्ये पिँढी र प्रभुत्वको अवस्थाको मान्यताका आधारमा विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

अनुभूतिको संरचना सहित्यको समाजशास्त्रीय कोणबाट विश्लेषण गर्ने सिद्धान्तमध्ये एक महत्त्वपूर्ण सिद्धान्त हो । यस सिद्धान्तको प्रतिपादन तथा सुरूवात वेलायती चिन्तक रेमन्ड विलियम्स (सन् १९२१-

१९८८) ले गरेका हुन् । साहित्यको विश्लेषण गर्ने समाजशास्त्रका विभिन्न सिद्धान्तहरू प्रचलनमा रहेका छन् । उक्त सिद्धान्तहरूमध्ये हिप्पोलाइ एडल्फ तेनको 'क्षण, जाति र पर्यावरण, ' लियो लावेन्थलको 'सामाजिक मनोविज्ञान, ' स्कार्पिटको 'लेखक, प्रकाशक र पाठक, ' लुसिएँ गोल्डमानको 'विश्वदृष्टि' र क्रिस्टोफर कडबेलको 'सामाजिक आर्थिक अवस्था र भाषा' समाजशास्त्रका मुख्य सिद्धान्तहरू प्रचलनमा रहेका छन् । साहित्यको समाजशास्त्रले साहित्य लेखनमा अवलम्बन गर्ने सम्पूर्ण प्रक्रियाहरूको खोजी गर्दै त्यसलाई सरल एवम् सहज ढङ्गबाट बुझ्न सकिने कार्यमा सहयोग पुऱ्याउँछ । साहित्यकारका अनुभूतिहरूलाई जुनसुकै कृतिले अस्तित्वमा ल्याउन सक्छन् तर समाजशास्त्रीय सिद्धान्तले साहित्यकारको अनुभूतिजन्य परिणति मात्र नभएर सामाजिक, आर्थिक, नैतिक, धार्मिक, सांस्कृतिक जस्ता पक्षहरूले पनि कृतिको सामाजिक संरचनाको निर्माण गर्दछ । तिनै सामाजिक संरचनाको अभिव्यक्ति साहित्यिक प्रतिक्रिया लेखकले कृतिमा व्यक्त गरेको हुन्छ । साहित्य भनेको समाज, संस्कृति, धर्म, अर्थ, कानुन, राजनीति, रीतिरिवाज एवम् व्यवहार आदिको समष्टि रूप हो, जसमा परम्परा, संस्कृति, इतिहास, आर्थिक अवस्था तथा व्यवहार र प्रणालीहरू एकीकृत भएर आएका हुन्छन् । त्यसकारण साहित्यको उचित मूल्याङ्कनका निमित्त साहित्यलाई समाज निरपेक्ष रूपमा राखेर अध्ययन विश्लेषण गरिनु उचित हुँदैन, यसको उचित मूल्याङ्कन समाज सापेक्ष भएर मात्र सम्भव छ भन्ने मान्यता नै समाजशास्त्रीय मान्यता हो ।

रेमन्ड विलियम्सको समाजशास्त्रीय अध्ययन संस्कृतिकेन्द्री रहेको छ । उनले यस सिद्धान्तमा समाज र संस्कृतिको सम्बन्धको व्याख्या गरेका छन् । उनको मान्यता के छ भने लेखकलाई संस्कृति र समाजमा आएको परिवर्तन र तिनका बिचको सम्बन्धको बोध हुनु जरूरी हुन्छ र यस्तो परिवर्तनलाई बोध गर्न सक्ने लेखक नै वास्तविक लेखकका रूपमा चिनिन्छन् । विलियम्सका मान्यताअनुसार संस्कृतिको महत्त्वलाई आत्मसात् गरेर साहित्य सिर्जना गर्ने साहित्यकार नै महान् बन्छन् । उनीहरूको लेखन वर्तमानका निम्ति प्रासङ्गिक भए वा नभए जे भए तापनि भविष्यका निम्ति भने सार्थक र महत्त्वपूर्ण हुन्छ । उनी सम्पूर्ण सांस्कृतिक प्रक्रियालाई एउटा सम्प्रेषणको व्यवस्था मान्दछन् (पाण्डेय, सन् १९८९, पृ. १७२) । आधुनिक सञ्चार माध्यमले संस्कृतिको सिर्जना तथा विकासमा ठूलो योगदान पुऱ्याएको छ भन्ने उनको मत रहेको छ । उनी संस्कृतिलाई समाज विकासका क्रममा उत्पादित विषयका रूपमा बुझ्नुपर्दछ र समाजकै सम्बन्धमा यसको व्याख्या र विश्लेषण हुनुपर्दछ भन्ने मान्यता राख्दछन् । उनी संस्कृति जीवनको सम्पूर्ण पद्धति हो, जसलाई निश्चित कालखण्डमा मानिसहरूले पुनर्निर्माण गर्दछन् भन्ने मान्यता राख्छन् । संस्कृति मानवद्वारा उत्पादित वस्तु भएकाले उत्पादनको विधिका रूपमा मानवीय इच्छा, आकाङ्क्षा, चाहना र परिवर्तनलाई यसले समावेश गरेको पाइन्छ (विलियम्स, सन् १९६५, पृ. ६३) । तसर्थ सम्पूर्ण समाजको आधार संस्कृति हो र साहित्य तथा कला पनि सामाजिक संस्कृतिको एक भाग हो भन्ने मान्यता उनको रहेको छ ।

सामाजिक जीवन भोगाइका क्रममा सबैभन्दा पहिले संस्कृति जीवन्त अनुभवका रूपमा मानिसको मनमा अनुभूतिजन्य अवस्थामा रहेको हुन्छ (पाण्डेय, २०६९, पृ. ५७) । संस्कृतिको दोस्रो रूप पहिलो अनुभूतिजन्य अवस्थाबाट लेखकीय अवस्थामा आएको हुन्छ, जो कलाकृति आदि क्षेत्रमा सुरक्षित रहेको हुन्छ । संस्कृतिको दस्ताबेजी रूप दार्शनिक एवम् सिर्जनात्मक कृतिहरूमा पाइन्छ, जहाँ मानवीय विचार, चिन्तन र अनुभवहरूको अभिव्यक्ति हुन्छ । कृतिमा व्यक्त भएको सांस्कृतिक पक्षको विवेचनामा समाजको विचार, अभिप्राय र व्यवहार आदिको विश्लेषण र मूल्याङ्कन हुन्छ । संस्कृति लेखहरूको दस्ताबेजका माध्यमबाट ग्रहण गरिने विषय होइन । यो समाजमा रहेको जीवन्त अनुभव हो । समाजमा रहेका मानव र वातावरण बिचको द्वन्द्वात्मक सम्बन्धबाट निर्मित मानव स्वभावहरूमा संस्कृतिको यथार्थ अभिव्यक्ति पाइन्छ ।

समाज, संस्कृति र साहित्यलाई परम्परा एवम् सामाजिक मूल्य मान्यताले जोडेको हुन्छ । परम्पराको माध्यमबाटै यिनीहरूका बिचको व्याख्या र विश्लेषण हुन्छ । यिनीहरू सामाजिक अभिप्राय तथा विचारबाट मुक्त हुन सक्दैनन् । यी तीनवटै शक्तिले सामाजिक इतिहासमा गहिरो छाप छाडेका हुन्छन् । परम्परा निरन्तर सक्रिय चयन अनि पुनर्चयनका रूपमा अगाडि आउँछ । परम्पराको बोधमा सदैव चयन, अनि त्यागको दृष्टि सक्रिय हुन्छ, जुन कुरा मूलतः सामाजिक दृष्टिसँग जोडिएको हुन्छ । कुनै पनि समाजमा एउटा काल विशेषको व्यवहार, मूल्य अनि अभिप्रायको एउटा केन्द्रीय पद्धति हुन्छ, जुन त्यस कालको निम्ति प्रभुत्वशाली हुन्छ (भट्ट, २०७५, पृ. ४१) । यसका साथै पूर्ववर्ती सामाजिक सङ्गठनका अवशेषहरू पनि सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा क्रियाशील रहेका हुन्छन् । सामाजमा विद्यमान रहेका उक्त संस्कृतिका अतिरिक्त अर्को वैकल्पिक संस्कृति पनि रहेको हुन्छ जसले अर्को नवीन अर्थ, मूल्य, व्यवहार, अनुभव, विचारहरू निरन्तर रूपमा निर्माण गरिरहन्छ । यसलाई आफूमा समाहित गर्ने कोसिस प्रभुत्वशाली सांस्कृतिक परम्पराले गर्दछ । यही प्रक्रियाका मध्यमबाट समाजमा संस्कृति तथा परम्पराको निरन्तरता तथा विकास हुन्छ (विलियम्स, सन् १९५८, पृ. २९) । यसरी साहित्यको अध्ययनबाट साहित्यमा निर्माण भएको समाजिक संस्कृतिको अध्ययन हुन्छ ।

रेमन्ड विलियम्सको सिद्धान्त संस्कृतिकेन्द्री भएको कुरा मैनेजर पाण्डेयले यसरी बताएका छन्ः "समाजमा सांस्कृतिक आर्थिक या राजनैतिक व्यवहार जस्तो आधारभूत व्यवहार हो । संस्कृतिबाट समाजको त्यस्तै स्वरूप बन्दछ । सांस्कृतिक प्रक्रिया समाजका आर्थिक, राजनैतिक जस्ता प्रक्रिया, व्यवहार साधन र परिस्थितिबाट प्रभावित हुन्छ र यिनलाई प्रभावित पनि बनाउँदछ" (पाण्डेय, सन् १९८९, पृ. १७३) । यस भनाइबाट उनको अध्ययन संस्कृतिकेन्द्री रहेको स्पष्ट हुन्छ । ग्राम्सीको प्रभुत्वको अवधारणाको सहयोग लिएर विलियम्सले संस्कृति र साहित्यमा परम्पराको विभिन्न भूमिकाको विवेचना गरेका छन् । यस क्रममा उनले संस्कृतिका तीन रूप र स्तरको चर्चा गरेका छन् । पहिलो प्रभुत्वशाली संस्कृति, दोस्रो अधीनस्थ संस्कृति र तेस्रो उदीयमान संस्कृति । यस क्रममा समाजमा नयाँ अर्थ मूल्य, नयाँ व्यवहारहरू, नयाँ अनुभव र नयाँ सार्थकताहरू निरन्तर निर्मित हुँदै जान्छन् । तिनलाई आफूभित्र समाहित गर्ने प्रयास प्रभुत्वशाली परम्पराका तर्फबाट पनि हुन्छ र विरोधको वैकल्पिक परम्पराका तर्फबाट पनि हुन्छ (पाण्डेय, २०६९, पृ. ५९) । यसरी विलियम्सले समाजमा तीन प्रकारका पिँढी रहने कुरा व्यक्त गरेका छन् । आफ्नो धारणाको व्याख्याका क्रममा विलियम्सले विचारभन्दा अनुभूतिलाई पिँढीभन्दा समुदायलाई र सामाजिक संरचना भन्दा पिँढीलाई महत्त्व दिएका छन् । त्यसैले उनको यस सिद्धान्तको आलोचना पनि भएको छ । उनी समुदायलाई जोड दिन्छन् र त्यसभित्रको अन्तर्सम्बन्धको विश्लेषण गर्न खोज्दछन् । विलियम्सको अध्ययनमा संस्कृति र साहित्यलाई जोड्ने प्रमुख आधार परम्परा हो । त्यसैको माध्यमबाट उनी समाज, संस्कृति र साहित्य बिचको सम्बन्धहरूको जटिलताको व्याख्या गर्दछन् । यो परम्परा कहिल्यै पनि सामाजिक अभिप्रायबाट मुक्त हुँदैन न निष्क्रिय नै रहन्छ । यसरी विलियम्सले परम्पराले संस्कृति र साहित्यलाई जोड्ने कुरा अगाडि सारेका छन् ।

रेमन्ड विलियम्सका अनुसार संस्कृति समग्र पद्धति हो र संस्कृतिको दस्ताबेजी रूप दार्शनिक र सिर्जनात्मक कृतिहरूमा पाइन्छ । त्यसमा मानवीय चिन्तन र अनुभवहरूको अभिव्यक्ति हुन्छ । उनी अनुभूतिको संरचनालाई एक कालखण्डको संस्कृति पनि भन्न रूचाउँछन् । संस्कृति स्वयम् सहज र एक स्तरीय हुन्न । अनेक स्तरीय जटिलताहरू र तनाबहरूका बिचबाट निर्मित हुन्छ । त्यसैले साहित्यसँग वा कलाकृतिसँग त्यसको सम्बन्ध पनि अनेक स्तरीय छ । त्यसको खोजी साहित्य समाजशास्त्रको अभिष्ट हुनुपर्छ भन्ने उनको मान्यता छ । संस्कृति न त मूल्यहरूको आदर्श व्यवस्था हो न त पूर्णताको खोजी नै ।

त्यो न त एउटा श्रमको प्रतिफल हो न त विश्रामको उपज । त्यो समाजको न त सामाजिक, आर्थिक प्रतिबिम्ब हो न केही प्रतिभाशाली व्यक्तिहरूको रचना । समाजमा संस्कृति त्यस्तै आधारभूत व्यवहार हो जस्तै आर्थिक र राजनैतिक व्यवहार हुन्छ र यही संस्कृतिबाट समाजको स्वरूप बन्छ (पाण्डेय, सन् १९८९, पृ. १७३) । यसरी उनले संस्कृतिलाई समग्र जीवन पद्धतिको रूपमा चिनाउँदै यसबाट समाजको स्वरूप परिवर्तन हुँदै जाने कुरा अगाडि सारेका छन् ।

रेमन्ड विलियम्सले खासगरी समाजमा तीन प्रकारका पिँढीहरू हुने कुरालाई जोड दिएका छन् । समाजमा रहेका यिनै पिँढीहरूले आपसी सम्बन्ध र क्रियाकलापका माध्यमबाट आफ्नो अनुभूतिको संरचना निर्माण गर्दछन् । यसरी समाज अगाडि बढ्दै जाने क्रममा प्रभुवत्वशाली संस्कृतिका ठाउँमा नयाँ उदयीमान संस्कृतिको स्थापना गर्ने प्रयास चल्दछ र यसले विस्तारै एउटा स्वरूप निर्धारण गर्दछ । यसै क्रममा पहिलो, दोस्रो र उदीयमान (तेस्रो) पिँढीबिच क्रियाशील व्यक्ति-व्यक्ति समूह-समूह आदिको अन्तर्क्रिया र अन्तर्सङ्घर्षका क्रममा दबाब र तनाबको सृजना हुन्छ, यसबाट विशिष्ट अनुभूतिको निर्माण हुन्छ । विलियम्सका अनुसार विश्वास, व्यवस्थाहरू संस्थाहरूमा व्यक्त सामान्य सम्बन्धहरू विचारधारादेखि टाढा जुन कुराहरू चेतनामा हुन्छन् त्यही अनुभूतिको संरचना हो (पाण्डेय, २०६८, पृ. ८) । विलियम्सले व्याख्या गरेझैं 'सहिदको मानचित्रमा नपरेको सहिद' र 'प्रतिगामी' कथामा रेमन्ड विलियम्सद्वारा प्रतिपादित साहित्यको समाजशास्त्रीय सिद्धान्त, 'अनुभूतिको संरचना' अन्तर्गतकाको पिँढी र प्रभुत्वको अवस्था कस्तो छ भनी अध्ययन गरिएको छ ।

## सहिदको मानचित्रमा नपरेको सहिद कथामा पिँढी र प्रभुत्वको अवस्था

प्रस्तुत 'सहिदको मानचित्रमा नपरेको सहिद' कथा २०४६ सालको राजनैतिक परिवर्तन र त्यसैको वरिपरिको सेरोफेरोमा केन्द्रित भएर लेखिएको छ । यस कथाका सम्पूर्ण विषयवस्तुहरू तत्कालीन राजनैतिक गतिविधिहरूमा केन्द्रित रहेका छन् । कथामा एकात्मक सामन्तवादी केन्द्रीकृत राज्यसत्ता र त्यस राज्यसत्ताले सर्वसाधारण नेपाली जनतालाई गरेको व्यवहारको विरोध गरिएको छ । यसका साथै कथामा २०४६ सालको जनआन्दोलन त्यस आन्दोलनबाट प्रजातन्त्रको पुनर्स्थापना भएपछिका राजनैतिक घटनाहरूलाई समेटिएको छ । सिजन पार्टीको सम्पर्कका लागि काठमाडौँ गएको र त्यसक्रममा पञ्चायतविरोधी जुलुसमा सहभागी हुँदा सहिद भएको सन्दर्भ कथामा आएको छ । कथामा पहिलो वा प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व पञ्चायती राज्यव्यवस्था, राजतन्त्र र राजतन्त्रका पक्षधर आम नेपाली सेना र प्रहरीहरूले गरेका छन् भने दोस्रो वा अधीनस्थ पिँढीको प्रतिनिधित्व आम सर्वसाधारण नेपाली जनताले गरेका छन् । त्यस्तै तेस्रो वा उदयीमान पिँढीको प्रतिनिधित्व सिजन र किसानले गरेका छन् ।

कथामा तत्कालीन राज्यसत्ताका विरूद्धमा सङ्गठित भएर एकात्मक सामन्तवादी राज्यसत्तालाई हटाएर जनमुखी राज्यसत्ताको परिकल्पना गरेर आन्दोलनमा होमिएको सिजनलाई मूल पात्र बनाएर कथा रचना गरिएको छ । सिजन निम्नवर्गीय पात्र हो । तीन वर्षको हुँदा उसले बुबा आमा गुमाएको छ । तत्पश्चात उसलाई पन्ध्र वर्षसम्म कुनै आफन्तले साहार दिएर हुर्काइएको छ । त्यो समयसम्म उसको हेरचाह गरेबापत उसको पैत्रिक सम्मत्ति हडपिएको हुँदा सिजन आफन्तहरूबाट नै अधीनस्थ भएको निम्न सन्दर्भबाट स्पष्ट हुन्छ । "तीन वर्षको छँदा बा-आमा मरेको रे । जग्गा जमिन मलाई पालन-पोषण गर्दा सकियो रे । पन्ध्र वर्षको नपुग्दै म भारततिर लागेँ" (पृ. २०) । यसबाट के स्पष्ट हुन्छ भने असहाय एवम्

टुहुरा बालबालिकाहरू माथि सहयोग गर्नुपर्नेमा त्यसो नगरेर उसको पैत्रिक सम्पत्ति समेत जफत गर्नुले उसका आफन्तहरूमा प्रभुत्वशाली संस्कृति स्पष्ट रूपमा देखिन्छ ।

प्रस्तुत कथामा सिजन आफ्नो व्यक्तिगत स्वार्थलाई त्यागेर निरङ्कुस पञ्चायती व्यवस्थाको विरूद्धमा पूर्णकालीन कार्यकर्ता बनेर हिँडेको छ । प्रभुत्वशाली राजनैतिक संस्कृतिलाई अवलम्बन गरेको पञ्चायती राज्यसत्ता र उक्त राज्यसत्ताका हिमायतीहरूले सिजन जस्ता अधीनस्थ पिँढीको मानिसहरूलाई आफ्नो मूल्य मान्यताअनुरूप हिँड्न प्रेरित गर्छन् । त्यसो नभएर उनीहरूको विरूद्धमा आवाज उठाएको खण्डमा उनीहरूलाई थुन्ने एवम् मार्ने सम्मका कार्य गर्न पछि पर्दैनन् । प्रस्तुत कथाको मुख्य पात्र सिजन २०४६ सालको जनआन्दोलनको अग्रमोर्चामा रहेर प्रभुत्वशाली संस्कृतिको धरोहर राजाको शालिक तोड्न सालिकमा चढेको अवस्थामा प्रहरीको गोली लागेर मृत्यु भएको छ । यसलाई निम्न कथानकले स्पष्ट पार्दछ ।

> क्रुद्ध जुलुस दरवार मार्गको सालिकनेर पुग्दा हजारौं वर्ष पूरानो सामन्ती जगलाई हल्लाउँदै ...... मूर्दावाद ...... को यौटा घनीभूत आवाज निस्कियो । नारायण मन्दिर वरिपरि बसेका परेवाहरू उडे । सडकमा पूर्ण कदको यौटा शालिक थियो । उत्साह, आक्रोस र उत्तेजनाको संवेगमा शालिककसको थियो सिजनले चिन्न सकिरहेको थिएन । सम्पूर्ण दुःखको कारण त्यही शालिक हो कि भन्ने भैँ गरी त्यसलाई ताकिरहेको थियो । घृणा उर्लिरहेको थियो । यसैबेला हातमा घन लिएर यौटा युवक सालिकमाथि चढ्यो । ...... मुर्दावाद ! जुलुसले उत्तेजित भएर फेरि नारा लगायो । सालिकलाई हान्न उचालेको घन बजारिन नपाउँदै गोली लागेको चरो खसेभैं हातैमा लिएर गोलीले छेडिएको युवक तल बजारियो । सिजन दगुरेर लडेको युवकनेर पुग्यो । उसको हातबाट घन अभै तल खसिसकेको थिएन । बिजुली चम्केभैँ उसले घन आफ्नो हातमा लियो । अनि अपूर्व साहस र वीरताका साथ शालिकमाथि चढ्यो । यतिबेला ऊ मुक्त थियो । उसमा न कुनै हिचकिचाहट नै थियो न मृत्युको भय । देब्रे हातले सालिकको तल्लो भाग समाएर दाहिने हातले पाप र अन्यायको टाउको मै बजार्न घन उचाल्यो । घन बजार्न नपाउँदै आएको गोलीले उसको छाती छेड्यो । ऊ हातमा घन समातेरै भुइँमा ढुनमुनियो । (पृ. २२-२३)

उपर्युक्त कथ्य सन्दर्भबाट के स्पष्ट हुन्छ भने वर्षौंदेखिको शोषण र दमनका माध्यमबाट टिकेको प्रभुत्वशाली राज्यसत्ता, राजतन्त्र र त्यसका प्रतिनिधि पात्रहरूको अन्त्य नभई उदयीमान संस्कृतिको विकास हुन सक्दैन भन्ने मान्यताबाट अगाडि बढेको आक्रोसित भीड र सिजन राजदरबारतिर अगाडि बढ्दै गर्दा भेटिएको राजा महेन्द्रको शालिक भन्काउन एक युवालाई प्रहरीको गोली लागि ढलेको र ऊ ढल्ने बित्तिकै सिजन त्यो शालिक भत्काउन शालिकमाथि चढेको बेला उसलाई पनि गोली लागेर ढलेको छ । यस सन्दर्भबाट प्रमुत्वशाली संस्कृतिका हिमायतीहरू आफ्नो निरङ्कुस शासनव्यवस्था टिकाउन जस्तोसुकै दमन गर्न पनि पछि पर्दैनन् भन्ने स्पष्ट देखिन्छ ।

पञ्चायती शासनव्यवस्थाको उत्तरार्द्ध समयमा रचित प्रस्तुत कथामा आफ्नो शासनसत्ता टिकाउनका लागि जनतामा दमन गर्ने शासकपिँढी र उक्त शासकपिँढीको राजनैतिक उद्देश्य पूर्ण गर्न अहोरात्र खटिने सेना तथा प्रहरीहरूमा प्रभुत्वशाली संस्कृति देखिन्छ । प्रभुत्वशाली पिँढीले जहिले पनि आफ्नो हितका निमित्त अन्य समुदायलाई प्रभावित बनाउँछ । कथामा पञ्चायती व्यवस्थाको अन्त्यका निमित्त सर्वसाधारण नेपाली जनताले जुन पिँढीसँग सङ्घर्ष गरेर प्रजातान्त्रिक शासन व्यवस्थाको सुरूवात गरेका थिए, त्यही पिँढीका मानिसहरू उक्त शासन सत्तामा पुगिसकेपछि उनीहरू नै प्रभुत्वशाली शासकका रूपमा देखिएको यथार्थता कथामा आएको छ । उनीहरूले आन्दोलनका क्रममा मारिएका आम.सहिदहरूको तथ्याङ्क

सङ्कलन गरेर उनीहरूको प्रजातन्त्र प्राप्तिका निमित्त गरिएको योगदानको मूल्याङ्कन गर्नुपर्नेमा सहिदको रूपमा नै नचिन्नुले पनि उनीहरूमा प्रभुत्वशाली संस्कृति मौलाउँदै गएको देखिन्छ ।

सहिदहरूको नाम, ठेगाना र सहादत प्राप्त गरेको मिति र ठाउँको अनुसन्धान गरियो । सबै कुरा सकिए पनि चैत्र २८ गतेको घटनालाई आन्दोलनको मानचित्रमा कहाँनेर अंकित गर्ने भन्ने विषयमा गम्भीर सङ्कट पैदा भयो । वाद-विवाद र वहस हुनथाल्यो ।

दरवारतिर बढ्ने कार्यक्रम र उद्देश्य त हाम्रो छँदै थिएन । हामीले आव्हान नगर्दा पनि यस्तो घटना कसरी घट्न पुग्यो ? बेला न कुबेला दरवारलाई जिस्क्याएर दमन गराउने वा आन्दोलन भाँड्ने कुचाल पनि हुन सक्थ्यो । (पृ. २३-२४)

प्रस्तुत कथ्य सन्दर्भले राज्यसत्ता परिवर्तन गर्ने आन्दोलनमा अधीनस्थ पिँढीका मानिसहरूलाई प्रयोग गर्ने गरेको देखिन्छ, तर जब आन्दोलन सफल भएर प्रभुत्वशाली पिँढीका मानिसहरू राज्यसत्ताको नेतृत्वमा पुग्छन् । त्यसपछि राज्यसत्ताका निमित्त लडेका र ज्यान दिएकाहरूलाई भुल्दछन् भन्ने कुरा स्पष्ट रूपमा आएको छ । जसको आड र बलमा राज्यसत्तामा पुग्न सफल भए, तिनीहरूको बेवास्ता गरिनुले प्रभुत्वशाली पिँढीमा सम्बेदना रहँदैन भन्ने कथामा स्पष्ट देखिन्छ ।

## प्रतिगामी कथामा पिँढी र प्रभुत्वको अवस्था

'प्रतिगामी' पञ्चायत विरोधी आन्दोलनको सन्दर्भलाई उठान गरिएर लेखिएको सशक्त कथा हो । यस कथाको विषयवस्तु पनि राजनैतिक घटनासँग सम्बन्धित रहेको छ । २०४७ सालको जनआन्दोलन पूर्वका केही गतिविधि र पछिका केही गतिविधिहरूलाई समेटेर कथा तयार गरिएको छ । कथामा पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यसस्था आगमनको समयलाई परिवेशको रूपमा देखाइएको छ । यस कथामा पहिलो वा प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व माधवलालले गरेको छ । त्यस्तै दोस्रो वा अधीनस्थ पिँढीको प्रतिनिधित्व गोपालले गरेको छ ।

माधवलाल प्रभुत्वशाली पिँढीको प्रतिनिधि पात्र हो । उसमा राजनैतिक प्रभुत्वशाली संस्कृति रहेको छ । उसमा उच्चवर्गीय सामान्तवादी सोच रहेको छ । ऊ पञ्चायती शासन व्यवस्थाको प्रतिनिधि पात्रका रूपमा देखा परेको छ । ऊ उक्त शासनव्यवस्थाको आडमा आपराधिक कार्य गर्न पनि पछाडि नपर्ने पात्रका रूपमा आएको छ । उसले आफ्ना विरूद्धमा कसैले पनि केही आवाज उठाएमा व्यवस्थाविरोधी भन्दै अधीनस्थ पिँढीका पात्रहरूलाई थुनाउने एवम् कुटाउने कार्य गरेको छ । ऊ कथामा गाउँको सुराकी गर्ने पात्रका रूपमा चित्रित छ । उसले निम्नवर्गीय पात्रहरूलाई अधीनस्थ बनाएर आफ्नो बसमा राख्न चाहन्छ । माधवलालको सामान्तवादी प्रभुत्वशाली संस्कृतिलाई निम्न साक्ष्यले स्पष्ट पार्दछ ।

दन्त्य कथाका राक्षसको काल अन्यत्र कतै गुप्त भए झैँ उसको शक्ति गुप्त त होइन खुला रूपमै पुलिस अथवा जिल्ला अधिकारीको हातमा सुरक्षित हुन्थ्यो । भुसतिघ्रेहरूलाई दानापानीले लोभ्याएर वा गुलियो चखाएर इच्छित व्यक्तिको मरम्मत गराउनु शक्ति प्रदर्शनको तौर तरिका थियो । कहिलेकाँही माधवलाललाई शक्तिले भरिपूर्ण देख्न सकिन्थ्यो । अरू समयमा भन्दा यसै बेला उसको मुखबाट व्यवस्था भक्तिका अविरल धाराहरू एकातिर वर्षिरहेका हुन्थे भने अर्कोतिर मानिसहरूलाई डढाउन वा सडाउन विषको आगो पनि वर्सिरहेको हुन्थ्यो (पृ. ५६) ।

प्रस्तुत कथ्य सन्दर्भबाट माधवलाई पञ्चायती शासनव्यवस्थाको आड र भरोसा रहेको छ । उसले देखाउने दम्भ पनि यही शक्तिकै आड र भरोसाले हो । माधवलालमा शोषण र दमनयुक्त प्रभुत्वशाली संस्कृति रहेको छ । उसले उदयीमान संस्कृतिलाई आत्मसात् गर्ने सर्वसाधारण मानिसहरूलाई विभिन्न बहानामा दुःख दिने कार्य गरेको छ । ऊ आफ्ना राजनैनिक मूल्यमान्यतासँग असहमत मानिसहरूलाई विभिन्न बहानाका माध्यमबाट प्रहरी प्रशासनको आडमा यातना दिने तथा जेल जीवन बिताउन बाध्य बनाउने जस्ता घृणित कार्य गर्ने गर्दछ । माधवलालमा सामान्तवादी प्रभुत्वशाली संस्कृत रहेको छ । उसले आफ्नो शक्तिको प्रमुख स्रोतका रूपमा तत्कालीन पञ्चायती राज्यव्यवस्थालाई लिएको छ । राज्यव्यवस्थाको आडमा उसले सार्वजनिक सम्पत्ति व्यक्तिगत बनाउने जस्ता आपराधिक कार्यहरू पनि गरेको छ । कसैले उसको कर्यप्रति प्रश्नचिन्ह खडा गरेमा व्यवस्थाविरोधी तत्त्व भन्दै निर्दोष मानिसलाई जेलमा सढाउने जस्ता घृणित कार्य गर्न ऊ पछाडि पर्दैन ।

कथामा माधवलालले पञ्चायती शासनसत्ताको आडमा गाउँका जनतामाथि गरेको चरम शोषण र दमनलाई देखाइएको छ । उसको दमन र शोषणको प्रतिकारस्वरूप उसका विरूद्धमा केही प्रतिनिधि आवाजहरू निस्कन थालेका छन् । यसबाट ऊ केही मात्रामा डराएको, आत्तिएको साथै आक्रोसित पनि भएको देखिन्छ । जसलाई निम्न सन्दर्भले पुष्टि गर्दछ :

हे भगवान् ! यो के भएको होला ? मेरो घरमै आक्रमण गर्ने त होइनन् ? माधवले लामो सुस्केरा हाल्यो । उसलाई संरक्षण दिन पुलिस पनि यतिबेला कताबाट आइपुग्न सक्छन् र ?

डाँकाहरू कतापट्टि लागे ? आँगनमा ओर्लेर उसलाई हेर्न मन लाग्यो । यो विचारले मूर्त रूप लिन त के गर्थ्यो, तर मुर्दावाद ! को चर्को स्वरले फैसला सुनाइदियो कि जुलुस नजिकै आइपुगेको थियो । उसका अङ्गप्रत्यङ्ग शिथिल हुन थाले ।

.... माधवले एकाएक झ्याल बन्द गर्‍यो । त्यतापट्टि टाउको फर्काउने बित्तिकै किन किन उसको शरीर झन बेतोडले हल्लन थाल्यो । चिडचिड पसिना आउन थाले र लर्खरिँदै ओछ्यानमा गएर पल्टियो । यो सबै त्यही गोपालको काम हो । उसले एकपटक दाऱ्हा किट्यो । (पृ. ५७)

प्रस्तुत सन्दर्भबाट के स्पष्ट हुन्छ भने तत्कालीन पञ्चायती शासन व्यवस्थाको आड र भरोसामा बाँचेको माधवलाल उसको प्रभुत्वशाली शोषण र दमनकारी संस्कृतिका विरूद्धमा एकताबद्ध भएर सुरू गरिएको साहसी आन्दोलनबाट आतङ्कित भएको देखिन्छ । उसमा अधीनस्थ पिँढीका मानिसहरूमा आएको चेतनाले पञ्चायती शासनव्यवस्थाको आयु धेरै समय टिक्न नसक्ने महसुस भएको छ । यसकारण पनि ऊ शिथिल एवम् हतोत्साहित भएको छ । यो व्यवस्थाविरोधी आन्दोलनको नेतृत्व गोपालले गरेको भन्ने उसको निष्कर्ष रहेको छ । ऊ गोपालबाट त्रसित भएको स्पष्ट देखिएको छ ।

माधवलालको प्रभुत्वशाली संस्कृति एवम् तत्कालीन पञ्चायती राज्यसत्ताका विरूद्ध गोपालले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । यो आन्दोलन विकसित हुँदै गएर पञ्चायती राज्यसत्ताको अवसान भएर प्रजातान्त्रिक राज्यव्यवस्थामा आन्दोलनको नेतृत्व गर्ने गोपालको वर्चस्व एवम् नेतृत्व हुनुपर्नेमा माधवलालकै वर्चस्व रहेको देखिन्छ । माधवलाल समयको परिवर्तन सँगसँगै आफूलाई परिवर्तन गराउन सक्ने व्यक्तिका रूपमा कथामा चित्रित छ । यस्तो दोहोरो चरित्रका करण ऊ राज्यसत्तामा जुन पिँढीको नेतृत्व हुँदा पनि नेतृत्वदायी भूमिकामा नै रहेको देखिन्छ । हिजो ऊ पञ्चायतका पक्षमा लागेको र

पञ्चायत विरोधीहरूलाई शासकपिँढीबाट यातना दिलाउने पात्र थियो र आज प्रजातन्त्रप्रेमीको पहिचान बनाउनुले पनि उसको दोहोरो चरित्र स्पष्ट हुन्छ ।

प्रस्तुत कथामा गोपालको बुवा र बहिनी अधीनस्थ पिँढीका प्रतिनिधि पात्रहरू हुन् । माधवलालले पञ्चायती शासनसत्ताको आड र भरोसामा तमाम गाउँलेहरूलाई शोषण र दमन गरेको छ । उक्त शोषण र दमनबाट उनीहरूका अतिरिक्त सम्पूर्ण गाउँका जनताहरू नै अधीनस्थ बन्न विवश छन् । उसले माधवलालको प्रभुत्वशाली संस्कृतिलाई आत्मसात् गरेर जाने अधीनस्थ संस्कृति अवलम्बन गरेको छ । जसलाई निम्न सन्दर्भले पुष्टि गर्दछ । "हैन तँ आगोको लप्कासँग जोरी खोजेर के गर्न आँटेको छस् ? सबैलाई लगेर थुनेको ठाउँमा तँलाई मात्र छोड्छन् ? अधिपछि जेनतेन खपे पनि यो महामारीको बेला बूढोले खप्न सकेन र एकदिन हकारेर सोध्यो" (पृ. ५८) । प्रस्तुत कथ्य सन्दर्भबाट के स्पष्ट हुन्छ भने माधवलालले आत्मसात् गरेको पञ्चायती व्यवस्था र त्यस प्रभुत्वशाली संस्कृतिको प्रतिकार गरेर होइन स्वीकार गरेर जानु नै सबैका लागि हितकर हुन्छ भन्ने मान्यता गोपालका बुवाको रहेको छ । यस्तो मान्यता भनेको नै अधीनस्थ पिँढीको मान्यता हो ।

कथामा पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातान्त्रिक शासनव्यवस्थाको स्थापनापश्चात एउटा राजनैतिक प्रभुत्वशाली पिँढीको राजनैतिक वर्चस्व अन्त्य भएर उदयीमान राजनैतिक संस्कृतिको स्थापना हुनुपर्नेमा माधवलाल नै परिवर्तित राज्यव्यवस्थामा पनि वर्चस्वकारी भूमिकामा रहनुले शोषित पीडित जनताहरूले आशा र अपेक्षा गरेअनुसारको राज्यव्यवस्था स्थापना नभएको स्ष्ट देखिन्छ । यसबाट हिजोको राज्यव्यवस्थाबाट उपेक्षित जनता आजको राज्यव्यवस्थाबाट पनि उपेक्षित रहेका कुरा निम्न कथागत सन्दर्भबाट स्पष्ट हुन्छ ।

माधवलाल समयको गतिमा बग्यो । अर्थात उसले प्रजातन्त्रलाई आत्मसात् गर्‍यो । ऊ प्रजातन्त्रवादी हुन नपाउने कुनै नियम थिएन । .... उनीहरू जिल्ला प्रशासनको ढोकानेर पुग्दा भित्र माधवलाल भन्दै थियो–गोपाल त पहिल्यैदेखिको मण्डले हो । प्रतिगामी हो । अहिले अस्थिरता खडा गर्न मनिसहरू उक्साउँदै .... । मलाई त हजुरले पहिल्यैदेखि चिन्नुभएको ..... । (पृ. ६०)

प्रस्तुत कथ्य सन्दर्भले माधवलाल जस्ता अवसरवादी चरित्रका कारण गोपाल ऊ जस्ता आम सर्वसाधारण नेपाली जनता जुनसुकै शासन व्यवस्था आए तापनि शोषित एवम् पीडित बन्नुपरेको छ । जसले प्रभुत्वशाली संस्कृति र शासनसत्ता विस्थापित गर्न र उदयीमान संस्कृति र शासनव्यवस्था स्थापना गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो, उसले नै नयाँ शासनसत्ताबाट प्रताडित हुनुपरेको यथार्थ अभिव्यक्ति कथामा आएको छ । आन्दोलनमा होमिएका व्यक्तिहरू प्रजातन्त्रको प्राप्तिपश्चात प्रजातन्त्रविरोधी ठहरिएका छन् । सही माग लिएर प्रशासनसमक्ष पुग्दा गोली लागेर मृत्युवरण गर्नुपर्ने अवस्थाको मार्मिक चित्रण कथामा आएको छ । गोपाललाई अस्थिरता खडा गर्ने पात्रका रूपमा उभ्याएर उसको हत्या गर्नुले पनि जुन पिँढीको शासनसत्ता भए तापनि शोषित र पीडित हुने भनेको निम्न वा अधीनस्थ पिँढीको व्यक्ति नै हो भन्ने निष्कर्ष कथाकारको रहेको छ । आन्दोलनलाई दबाउनका लागि जसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ, उही नै प्रजातन्त्रको प्राप्तिपछि ठूलो प्रजातान्त्रिक नेता बनेको यथार्थ चित्रण कथाका माध्यमबाट प्रस्तुत भएकोछ ।

## निष्कर्ष

घनश्याम ढकालका 'सहिदको मानचित्रमा नपरेका सहिद' र 'प्रतिगामी' कथाले तत्कालीन नेपाली समाजमा विद्यमान राजनीतिक र सामाजिक वर्गसङ्घर्षलाई सशक्त रूपमा प्रस्तुत गरेका छन् । रेमन्ड

विलियम्सको 'अनुभूतिको संरचना' सिद्धान्तकलाई विश्लेषणको आधार मानेर यी कथाहरूको अध्ययन गर्दा यी कथाहरूमा प्रभुत्वशाली वर्ग र अधिनस्थ वर्गबीचको सम्बन्ध, द्वन्द्व र परिणति स्पष्टसँग उजागर भएको छ । 'सहिदको मानचित्रमा नपरेका सहिद' कथामा पञ्चायती व्यवस्था र त्यसका हिमायतीहरू प्रभुत्वशाली वर्गका रूपमा चित्रित छन्, जसले निरङ्कुशता कायम राख्न सर्वसाधारण जनतामाथि निर्ममतापूर्वक दमन गर्छन् । सिजनजस्ता आम सर्वसाधारण जनता राजनैतिक रूपले अधिनस्थ वर्गको प्रतिनिधित्व गर्छन्, जसले आफ्नो ज्यानको आहुति दिएर पनि वास्तविक सम्मान पाउँदैनन् । कथाले राजनीतिक परिवर्तनपछि सत्तामा पुगेका पात्रहरूमा पनि पुरानै प्रभुत्वशाली प्रवृत्ति दोहोरिएको, शहीदहरूको योगदानलाई उपेक्षा गरेको मार्मिक यथार्थ देखाउँछ । यसले सत्तामा पुगेपछि पीडितहरूलाई बिर्सने र आफ्नो स्वार्थ पूरा गर्ने प्रवृत्तिलाई उजागर गर्छ । 'प्रतिगामी' कथामा माधवलाल पञ्चायती व्यवस्थाका प्रभुत्वशाली प्रतिनिधि हुन्, जसले आफ्नो शक्ति र प्रभाव प्रयोग गरेर गाउँलेहरूमाथि शोषण र अत्याचार गर्छन् । उनी आफ्नो स्वार्थका लागि प्रहरी प्रशासनको दुरूपयोग गर्न पनि पछि पर्दैनन् । गोपाल र उनका परिवार तथा गाउँलेहरू अधीनस्थ पीडित वर्गमा पर्छन्, जसले माधवलालको दमन र शोषणको सामना गर्छन् । यद्यपि, कथाले राजनीतिक परिवर्तन (पञ्चायतको अन्त्य र प्रजातन्त्रको आगमन) पछि पनि माधवलालजस्ता अवसरवादी पात्रहरूले आफ्नो चरित्र बदलेर नयाँ व्यवस्थामा पनि प्रभुत्व कायम राख्ने र गोपालजस्ता वास्तविक क्रान्तिकारीहरूलाई उपेक्षित र दण्डित गर्ने प्रवृत्तिलाई देखाउँछ । यसले व्यवस्था परिवर्तन भए पनि शोषित र पीडित वर्गको अवस्थामा खासै परिवर्तन नआएको तितो यथार्थलाई प्रस्तुत गर्छ । समग्रमा, दुवै कथाहरूले नेपाली समाजमा प्रभुत्वशाली वर्गले कसरी आफ्नो सत्ता र स्वार्थ टिकाउन दमन, शोषण र बेइमानीको सहारा लिन्छन् भन्ने देखाउँछन् । साथै, राजनीतिक परिवर्तनपछि पनि वास्तविक पीडित वर्गको अवस्थामा तात्विक भिन्नता नआउने र सत्तामा पुग्ने पात्रहरूले पुरानै प्रभुत्वशाली प्रवृत्ति दोहोऱ्याउने यथार्थलाई सशक्त रूपमा प्रस्तुत गर्छन् । ढकालका यी कथाहरूले नेपाली समाजको वर्ग-द्वन्द्व, राजनीतिक अस्थिरता र नेतृत्वमा देखिएको नैतिक क्षयीकरणलाई गम्भीरतापूर्वक विश्लेषण गर्न मद्दत गर्छन् ।

## सन्दर्भसामग्री सूची


छेत्री, उदय (२०६४), **'समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन, '** अप्रकाशित विधावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

जैन, निर्मला (सन् १९९२), **साहित्यका समाजशास्त्रीय चिन्तन,** हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय, दिल्ली विश्वविद्यालय ।

ढकाल, घनश्याम (२०४८), **सहिदको मानचित्रमा नपरेको सहिद,** बन्दना प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९८९), **साहित्य के समाजशास्त्र की भूमिका**, हरियाणा साहित्य अकादमी ।

पाण्डेय, ताराकान्त **(२०७३).'अनुभूतिको संरचनाका परिप्रेक्ष्यमा बसाइँ उपन्यासको समाजशास्त्र'. मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र**. साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७०), **नेपाली साहित्यमा पहिचान र प्रतिनिधित्व**, विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

भट्ट, उद्दवदेव (२०७५), **'रमेश विकलका कथा (२००८-२०२०) मा अनुभूतिको संरचना, '** अप्रकाशित दर्शनाचार्य शोध प्रबन्ध.नेपाली केन्द्रीय विभाग. त्रि. वि. कीर्तिपुर ।

शर्मा, सुकुम (२०७६), **परिचयका सन्दर्भमा घनश्याम ढकाल,** घनश्याम ढकाल सांस्कृतिक प्रतिष्ठान ।